# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) कटुञ्जे, भक्तपुर, साउन १ गते, २०८० साल (संख्या ०२

## भाग १

### स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

### कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०८० सालको ऐन नं.: ०२

## सूर्यविनायक नगरपालिकाको विनियोजन ऐन, २०८०

# सूर्यविनायक नगरपालिकाको बिनियोजन ऐन, २०८०

सूर्यविनायकनगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सूर्यविनायक नगरपालिकाकोआर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम  सूर्यविनायक नगरपालिकाको नगरसभाको चौधौं अधिवेशनले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सूर्यविनायक नगरपालिकाको विनियोजन विधेयक, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगरपालिकाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, विषयगत शााखा र सामाजिक सुरक्षा लगायतका अन्य रकम समेत गरी जम्मा रु २,१०,५०,०००००।- (अक्षेरुपी रु २ अर्व दस करोड पचास लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त सूर्यविनायक नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि नगर कार्यपालिका, वडा समितिर विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र अन्य चालू खर्च शीर्षक तर्फ बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) अनुसूचि (१) मा उल्लेख भएको विनियोजन श्रोतको आय तथा निकासा घटी भएको अवस्थामा नगर कार्यपालिकाबाट सोही बमोजिम स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । कुनै स्रोतबाट रकम बजेट वा आन्तरिक आय थप भएमा कुल बजेट वृद्धिका लागि कार्यपालिकाको निर्णय सहित नगर सभाबाट स्वीकृत/अनुमोदन गराउने गरी बजेट खर्च गर्न बाधा पर्ने छैन ।

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु.हजारमा

| सि.नं. | विनियोजन | पूँजीगत | चालु सासु सहित | जम्मा |
|---|---|---|---|---|
| १ | नगरपालिका | ६१०५८५ | ५०२६५३ | १११३२३८ |
| २ | संघ | ३५८३९६ | ४७९५२० | ८३७९१६ |
| ३ | प्रदेश | १३०२५२ | ३५९४ | १३३८४६ |
| ४ | जिसस | २०००० | | २०००० |
| जम्मा | | १११९२३३ | ९८५७६७ | २१०५००० |

प्रमाणीकरण मिति : २०८०/०३/१०

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

सूर्यविनायक नगरपालिका